# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.
च. नं.

## प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०६९ बैशाख २६ गते

**वास्तविक सुकुम्बासीको पहिचान गरी यथोचित पुनः स्थापना गर्न माग**

ललितपुर, बैशाख २६ गते ।

थापाथलीस्थित बागमती किनारमा बसोबास गर्दै आएका सुकुम्बासीहरुलाई सरकारले मंगलबार विहान हटाएको र घर-टहरा भत्काएको विषयमा राष्ट्रिय मानव अधिकार आयोगले सम्बन्धित सुकुम्बासीका प्रतिनिधि र नागरिक समाजका प्रतिनिधिहरुसंग आयोगकै सभाकक्षमा परामर्श गरेको छ ।

परामर्श बैठकको क्रममा सुकुम्बासीहरुलाई हटाउने सिलसलामा भएको झडपमा घाइते भएका सुकुम्बासीहरुको उचित औषधिउपचारका लागि आयोगले सरकारको ध्यानाकर्षण गरेको छ ।

यसैगरी, वास्तविक सुकुम्बासीको पहिचान गरी उनीहरुलाई यथोचित पुनःस्थापनाको व्यवस्था गर्न आयोगले सरकारसंग आग्रह गरेको छ ।

सुकुम्बासी बस्तीबाट हटाइएका महिला, बालबालिका, गर्भिणी, सुत्केरी, विरामी, असक्त एवम् बृद्धबृद्धाको उचित रेखदेख र पुनःस्थापनाको व्यवस्था मिलाउन पनि आयोगले सरकारको ध्यानाकर्षण गरेको छ ।

हिरासतमा लिइएका व्यक्तिहरुको विधिसम्मत र न्यायिक ढंगमा रिहाइको माग पनि आयोगले गरेको छ ।

प्रभावित व्यक्तिहरुलाई मानवीय आधारमा राहत व्यवस्थ गर्न र पुनःस्थापनाका वैकल्पिक उपायहरु अपनाउन पनि आयोगले सरकारसंग आग्रह गरेको छ ।

परामर्श बैठकमा आयोग अध्यक्ष केदारनाथ उपाध्याय एवम् सदस्यद्वय रामनगिन सिंह र गौरी प्रधानले वास्तविक सुकुम्बासीको पहिचान गरी उनीहरुको न्यायपूर्ण पुनःस्थापना हुनुपर्ने पक्षमा जोड दिनुभएको थियो ।

***

...............
विशाल खनाल
सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org